"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

प्रेस विज्ञप्ति

मितिः २०७९।०४।१८

१. १ जुलाई, २०२२ मा प्राप्त मूल्य अनुसार एल. पि. ग्यासमा प्रति सिलिण्डर रु. ५८२।४२ घाटा तथा १६ जुलाई २०२२ मा प्राप्त मूल्य अनुसार प्रति लिटर पेट्रोलमा रु. १४।१९ घाटा, डिजेलमा रु. २१।९२ घाटा भईरहेकोमा पछिल्लो १५ दिनमा अन्तर्राष्ट्रिय बजारमा कायम रहेको मूल्य अनुसार ईण्डियन आयल कर्पोरेशन लिमिटेडबाट तारिख ०१, अगष्ट २०२२ (श्रावण १६, २०७९) मा प्राप्त नयाँ मूल्यसूची बमोजिम निगमलाई प्रति लिटर पेट्रोलमा रु. २।७८ नाफा, डिजेलमा रु. ९।३७ घाटा, मट्टितेल तथा हवाई इन्धनमा केही नाफा तथा एल.पी. ग्यासमा प्रति सिलिण्डरमा रु. ४९९।५७ घाटा भई समग्रमा अझै पनि निगमलाई आगामी १५ दिनमा करिब रु. ६३.५८ करोड (मासिक रु. १ अर्ब २७ करोड) घाटा हुने स्थिति देखिएकोले पेट्रोलियम पदार्थको बिक्री मूल्य हाललाई यथावत् राख्दुपर्ने वाध्यात्मक अवस्था निगम सामु रहेको छ।

२. पेट्रोलियम पदार्थ खरिद वापतको रकम समयमा नै भुक्तानी गर्न नसक्दा बक्यौता रकम बढ्दै गएपछि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०३।३१ को निर्णय अनुसार निगमलाई नेपाल सरकारबाट रु.७ अर्ब र राष्ट्रिय वाणिज्य बैंकबाट रु.३ अर्ब ऋण उपलब्ध गराएको थियो, जसमा पेट्रोलियम पदार्थ बिक्रीबाट संकलन भएको रकम समेत समावेश गरी ईण्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता रकम भुक्तानी गर्दा समेत करिब रु.२३ अर्ब अझै तिर्नुपर्ने अवस्था रहेको छ । तसर्थ, ईण्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता रकम क्रमशः भुक्तानी गर्दै पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज गर्नुपर्ने निगमको दायित्व रहेको छ ।

३. विदेशी मुद्रा खर्च गरी महंगो मूल्यमा आयात गर्नुपर्ने पेट्रोलियम पदार्थहरूको खपत सकेसम्म कम गरी वैकल्पिक स्वदेशी ऊर्जाको प्रयोग बढाउनुपर्ने राष्ट्रिय आवश्यकतालाई आम उपभोक्ताहरूले मनन गर्नु हुनेछ भन्ने विश्वास निगमले लिएको छ।

धन्यवाद् ।

२०७९।०४।१८